Study in
AUSTRALIA
Features:
-Well experienced counselors' guidance
-Wide range of choices of colleges/courses
-3 Years Bachelor's students meet us for options
-Fees range start with AUD 8000/year
-Apply to Category 1 & 2 Colleges/Uni
BEACON
Premier International Education
We are Approved & Certified by:

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक २३ ○श्रेणी 'क' ○२०७३ कार्तिक २ गते मंगलबार ○ 18 Oct. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४५२५

## अचानक चिनियाँ राष्ट्रपति भेट्दा ढुंगा खोज्दा देउता मिले झैं भयो-प्रम

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कार्तिक ।

प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो भारत भ्रमण अत्यन्तै उपयोगी भएको बताएका छन् । भारतको गोवामा आयोजित ब्रिक्स सम्मेलनमा सहभागी भएर सोमबार त्रिभुवन विमानस्थलमा ओर्लेपछि पत्रकारहरुसँग कुरा गर्दै उनले भ्रमण सकारात्मक भएको अनुभव गरेको बताए ।

उनले चिनियाँ राष्ट्रपति सी जिनपिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग एकसाथ भएको भेटलाई संयोग मात्रै भएको बताएका छन् । उनले आफ् एउटा कार्यक्रममा जानको लागि कारगेड कुदै गर्दा चिनियाँ राष्ट्रपतिसँग भेट भएको बताएका छन् । उनले भने, 'म कार्यक्रममा जान कुरिरहेको थिएँ । प्रतिक्षा कक्षमा कुरिरहँदा उहाँ आउनु भयो । उहाँको आगमनले मलाई ढुंगा खोज्दा देउता मिले झैं भयो ।'

उनले आफूले चिनियाँ राष्ट्रपति पिङसँग यस्तै छुट्टै भेटेर कुरा गर्न चाहेको बताए । उनले भने, 'म उहाँसँग द्वइपक्षीय कुरा गर्न चाहन्थें । वान टु वान कुरा गर्न चाहन्थें । प्रतिक्षा कक्षमा यो मौका मिल्यो । मैले २० मिनेट

कुरा गरें ।'भेटमा उनले चिनियाँ राष्ट्रपतिसँग नेपाल भ्रमण र नेपालको विकास, संविधान लगायतको विषयमा कुरा भएको बताए । प्रधानमन्त्री दाहालले भने, -'यो भेटमा हृदय खोलेर कुरा भयो । जुन गौरवान्वित कुरा हो। मैले यस्तो पनि हुन्छ होला भनेर त अपेक्षा नै गरेको थिइनँ । यो भेट पूर्वनिर्धारित होइन । अचानक भएको हो।' केही समयपछि दुईजना बीच कुरा भइरहँदा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पनि आइपुगेका उनले बताए ।

उनले भने, 'हामी कुरा गरिरहेका थियौं । यत्तिकैमा मोदी जी आइपुग्नु भयो । हामीले यसलाई अस्वाभविक पनि लिएनौं ।'

तीन जनाको भेटमा त्रिपक्षीय कुरा भएको प्रधानमन्त्री दाहालले दाबी गरे । उनले त्रिपक्षीय सांै भेदारको विषयमा कुरा भएको र नेपाल सानो देश भएको ले नेपाललाई सहयोग गर्नुपर्छ भनेर दुवै नेताले भनेको पनि दाहालले सुनाए ।

उनले भने,-'मैले पहिले नै त्रिपक्षीय कुरा गर्न चाहेको थिएं । तर मौका मिलेको थिएन । उक्त वेला मौका मिल्यो र मैले त्रिपक्षीय प्रस्ताव राखें । सबै सकारात्मक हुनु भयो । यो भेट मेरो लागि मत्रै होइन पुरै नेपालको लागि पनि सकारात्मक हो ।' नेपाल सानो मुलुक भए पनि नेपालले राखेको कुरालाई महत्व दिएका छौं भन्दै चिनियाँ राष्ट्रपति र भारतीय प्रधानमन्त्रीले बताएको स्मरण गर्दै प्रधानमन्त्री दाहालले भने,-'संयोग पनि कस्तो मिल्यो भने मोदी जी दक्षिणतिर म बीचमा र सी जिनपिङ उत्तरतिरै बस्नु भएको थियो चीन, नेपाल र भारतको भौगोलिक अवस्था जस्तै ।'

उनले त्रिपक्षीय भेट करिब १०/१२ मिनेट भएको बताए । प्रधानमन्त्री दाहालले भने- 'त्यसपछि हामी आ-आफ्नो कार्यक्रम तिर लाग्यौं ।'

प्रधानमन्त्री दाहालले आफूले चिनियाँ राष्ट्रपतिलाई ५ मिनेट कुराएको भन्ने समाचार गलत भएको पष्ट्याए । समाचारमा आएजस्तो यो भ्रमणले नेपालीको शीर झुकेको नभइ ठाडो भएको उनले दावी गरे । उनले भने, 'यो भ्रमण निकै नै फलदायी भएको छ । मिडियाले पनि समाचार लेख्दा सकारात्मक भएर लेख्न पऱ्यो ।'

प्रधानमन्त्री दाहालले भ्रमणका क्रममा अन्य देशका राष्ट्रप्रमुखहरु सँग पनि भेट भएको र नेपालको बारे कुरा भएको बताए ।

## फिर्के खोलामाथि मोटरेवल पुल बन्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कार्तिक ।

पोखरा नगर क्षेत्र भएर बग्ने फिर्के खोला माथि मोटरेवल पुल बन्ने भएको छ । व्यवस्थित पुलको अभावमा खोला उर्लिदा सवारी सहित मानिस बगाउने समस्या बढेपछि जिल्ला विकास समितिको योजना अनुसार पुल बन्न लागेको हो । पोखरा ६ बैदाम र पोखरा ७ जोड्ने गरी मालपोत कार्यालय नजिक निर्माण गर्न लागिएको पुलको सोमवार शिलान्यास गरियो । एक कार्यक्रमका बीच स्थानीय विकास अधिकारी दामोदर भण्डारीले पुलको शिलान्यास गरेका हुन् ।

कुल एक करोड ८ लाख २९ हजार लागतमा बन्न लागेको पुल १० मिटर लामो हुनेछ । जिल्ला स्तरीय सर्वदलीय संयन्त्रको निर्णय अनुसार जिल्ला विकास समितिले ठेण्डर आह्वान गरेकोमा मुक्तिनाथ निर्माण सेवा र रेग्मी निर्माण कम्पनीसँग गत असार ९ गते सम्झौता गरेको थियो । सम्झौता अनुसार पुल आगामी २०७४ असोज ३ गते भित्र निर्माण सम्पन्न गरिसक्ने लक्ष्य राखिएको छ ।

स्थानीय विकास अधिकारी भण्डारीले स्थानीयवासीको माग र आवश्यकता अनुसार जिल्ला विकास समितिले पुल निर्माणका लागि वजेट विनियोजन गरेको बताए । स्थानीयवासीको आग्रह नगरपालिकाले बेवास्ता गरेपछि नगर क्षेत्रभित्रको पुल निर्माणका लागि जिल्ला स्तरीय सर्वदलीय संयन्त्रको निर्णय अनुसार जिविस अघि बढेको उनले स्पष्ट पारे । पुल निर्माणका लागि जिविसले अग्रसरता लिएपनि पुल वरपरको अतिक्रमण नगरपालिकाले हटाउनुपर्नेमा उनले जोड दिए । निर्माण कम्पनीका भर्पिन्द्र रेग्मीले तोकिएको समयभन्दा अगावै गुणस्तरीय पुल निर्माण गर्ने प्रतिवद्धता जनाए । तिहारपछि निर्माण कार्य सुरु गर्ने उनले बताए । कार्यक्रममा पोखरा उपत्यका नगर विकास समितिका अध्यक्ष प्रकाश मोहन खनाल, प्रमुख जिल्ला इन्जिनियर नारायण श्रेष्ठ, फिर्के खोला सरोकार समितिका अध्यक्ष रत्नबहादुर ठकुरी, जिविसका समाजिक विकास अधिकृत अर्जुन न्यौपाने लगायतले पुलको महत्व र फिर्के खोला संरक्षणको विषयमा बोलेका थिए ।

नयाँ पुल बन्न लागेको स्थानमा कलभर्ट मात्रै हुँदा खोला उर्लेका वेला आवतजावतमा समस्या हुने गरेको थियो । गत भदौ २२ गते राती ११ बजे मोटरसाईकल सहित खोलाले बगाएका कास्कीको कालिकाका २१ वर्षीय सुरवीर जिसी ३ दिनपछि महतगौडा स्थित फेवा नहरमा मृत भेटिएका थिए । गत वर्ष पनि एक जनालाई सोहि स्थानवाट खोलाले वगाएको थियो । नयाँ पुल बन्ने भएपछि भने सुरक्षित आवत-जावत गर्न सकिने स्थानीयको विश्वास छ ।

## पुलको कमाइ दशैंमा साढे १० लाख रुपैयाँ

पर्वत १ कार्तिक ।

मुलुककै पहिलो व्यावसायिक यान्त्रिक पुल कुश्मा-बलेवा यान्त्रिक पुल लिमिटेडले यसवर्षको दसैंमा रु १० लाख ४१ हजार आम्दानी गरेको छ । केवुलकार मोडेलमा निर्माण गरिएको यान्त्रिक पुलले दसैंको प्रतिपदादेखि पूर्णिमासम्म आठ लाख ४१ हजार रुपैयाँको कारोवार गरेको हो । कुश्मा-बलेवा यान्त्रिक पुल लिमिटेडले दिएको जानकारी अनुसार दसैंको प्रतिपदादेखि कोजाग्रत पूर्णिमासम्म कारोवार उत्साहजनक रूपमा भएको हो ।

यसपटक दसैंमा यान्त्रिक पुलवाट १३ हजार २७६ जनाले वारपार गरेका छन् । गत वर्ष यान्त्रिक पुलवाट प्रतिपदादेखि कोजाग्रत पूर्णिमासम्म यात्रा गर्ने यात्रुवाट रु १० लाख ८३ हजार आम्दानी भएको थियो । यस वर्ष पनि उत्साहजनक रूपमा आम्दानी गर्न सफल भएको यान्त्रिक पुल लिमिटेडका कार्यालय प्रमुख चिरञ्जीवी रेग्मीले जानकारी दिए ।

पर्वत सदरमुकाम कुश्मा बजारवाट वागलुङ जिल्लाको बलेवा पुग्नका लागि पैदल मार्गवाट झन्डै एक घन्टा लाग्ने गर्छ । यान्त्रिक पुलको सञ्चालनसँगै एक घन्टाको यात्रा करिव सात मिनेटमा छोट्टिएको छ । केवलकार मोडेलमा निर्माण गरिएको उक्त पुलवाट यात्रा गर्नका लागि एकतर्फी भाडा रु एक सय तोकिएको छ भने वागलुङ जिल्लाको बलेवा क्षेत्रका वासिन्दाका लागि रु ७५ तोकिएको छ ।

सो पुल गाउँघर र पहाडी क्षेत्रमा यात्रु ओसारपसार गर्न तथा कृषि उपज र अन्य सामग्री ढुवानीका लागि सवैभन्दा उपयुक्त माध्यम वन्न सक्ने देखिएको पर्वत उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिओम शर्मा लामिछानेले बताए । "गाउँमा कच्ची सडक खन्नुभन्दा यस्तै यान्त्रिक पुल र केवलकार निर्माण गर्ने हो भने धेरै सहज हुन सक्छ", उनले भने-"हाम्रोजस्तो पहाडी भूभागका लागि यो नै अति उत्तम विकल्प हो, सरकारले यसलाई प्रवर्द्धन गर्नुपर्छ ।" पर्वत उद्योग वाणिज्य सङ्घको पहलमा यान्त्रिक पुल निर्माण भएको हो । रासस

## पदयात्राका लागि आकर्षक गन्तव्य अन्नपूर्ण सेरोफेरो

वासुदेव पौडेल
पोखरा १ कार्तिक ।

पर्वतीय पर्यटनका लागि विश्वमा नै आफ्नो विशिष्ट पहिचान बनाउन सफल अन्नपूर्ण सेरोफेरो क्षेत्र पदयात्राका लागि विशिष्ट गन्तव्य बन्दै गएको छ । नेपालका विभिन्न पदमार्गमध्येमा आकर्षक एवम् सवैभन्दा फराकिलो संरक्षित क्षेत्र रहेका कारण मनमोहक दृश्य हेर्न र पदयात्रा गर्ने लालसा बोकेर यस क्षेत्रमा पर्यटक आउने गरेका छन् । अघिल्लो वर्ष भूकम्प र नाकाबन्दीका कारण पदयात्रामा आउने पर्यटकको सङ्ख्या घटे पनि यस वर्ष पदयात्रामा आउने पर्यटकको सङ्ख्या बढ्दै गएको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका पर्यटन अधिकृत रेश्मी आचार्यका अनुसार २०१६ को अगस्तमा मात्रै चार हजार तीन सय १० जना विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रमा पदयात्रा गरिसकेका छन् । "अघिल्लो वर्षको तुलनामा यस वर्ष पदयात्राका लागि आउने पर्यटकको सङ्ख्यामा उत्साहजनक वृद्धि भएको छ," उनले भने-"यस वर्षको अगस्तसम्म ४५ हजार एक सय ९१ जना पर्यटकले अन्नपूर्ण क्षेत्रमा पदयात्रा गरिसकेका छन् ।"

सार्क राष्ट्रवाट अगस्तमा छ सय २० जना पर्यटक पदयात्रामा सहभागी भएका छन् । सन् २०१६ को जनवरीदेखि अगस्तसम्म पदयात्रा गर्ने पर्यटकको सङ्ख्या ११ हजार चार सय ६९ छ । अन्नपूर्ण सेरोफेरो विश्वकै प्रसिद्ध १० वटा 'ट्रेकिङ रुट' मध्येमा पाँचौं स्थानमा पर्ने पर्यटन व्यवसायी एवम् नेपाल ट्रेकिङ एशोसिएशन पश्चिमाञ्चल क्षेत्रीय सङ्घका निवर्तमान अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिए ।

अन्नपूर्ण सेरोफेरोमा पूर्वाधार विकासको गति बढे पनि कमिसनका लागि अनावश्यक बाटो खन्ने क्रमले यस क्षेत्रका पदमार्गमा प्रत्यक्ष असर पुगेको उहाँको भनाइ छ । "पूर्वाधार विकास हुनु आवश्यक भए पनि त्यसका नाममा पदमार्ग मास्नु पदयात्रा पर्यटनका लागि गम्भीर चुनौती हो," शर्माले भने-

"जथाभावी बाटो खन्ने नाममा पछिल्ला वर्षमा पदमार्गहरू छोट्याउने काम गरिएको छ, जुन पर्यटकीय हिसावले अनुचित छ ।"

अन्नपूर्ण सेरोफेरोमा रहेका पदमार्गको संरक्षणका साथै पछिल्ला समयमा विकास हुँदै गएका पोखरा-खयरलेक, पोखरा-हिडेनलेक, तेरिला घाँटी, गुरुङ हेरिटेज ट्रेलजस्ता पदमार्गको प्रचार-प्रसार आवश्यक रहेको उनले बताए । अन्नपूर्ण पदयात्रा अन्य पर्यटकीय गन्तव्यको तुलनामा सहज, उपयुक्त मौसम जस्ता कारण यसपटि पर्यटकको आकर्षण बढेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका सूचना अधिकृत विख्यात शेरचन बताउछन्।

उनका अनुसार युरोपेली राष्ट्का साथै सार्क मुलुकबाट पदयात्राका लागि आउने पर्यटकको सङ्ख्या पछिल्ला दिनमा बढिरहेका छन् । अघिल्लो वर्ष भूकम्प र नाकाबन्दीका कारण पदयात्रामा आउने पर्यटक घटे पनि यस वर्ष उत्साहजनक रूपमा पर्यटक पदयात्राका लागि आउने गरेको शेरचनको भनाइ छ । अन्नपूर्ण सेरोफेरोमा पदयात्राका लागि विशेषगरी अगस्त, सेप्टेम्बर, अक्टोबर र नोभेम्बरका साथै मार्च र अप्रिलमा ठूलो सङ्ख्यामा पर्यटक आउने गरेका छन् । अन्नपूर्ण सेरोफेरोमा उपल्लो मुस्ताङ, अन्नपूर्ण सर्किट ट्रेक, अन्नपूर्ण सेक्युरिटी ट्रेक, घान्द्रुक घोरेपानी सर्किट ट्रेक, घलेखर्क सर्किट ट्रेक, राउन्ड मनास्लु, धाद्रुक, घम्पुस, जोमसोम, नारपुं लगायतका दर्जनौं उत्कृष्ट पदयात्रा मार्ग रहेका छन् ।

नेपालमा आउने विदेशी पर्यटकमध्ये ७५ प्रतिशत भन्दा वढी पदयात्राकै लागि आउने गरेको नेपाल ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष दीपक अधिकारी बताउछन्। पछिल्लो समयमा जथाभावी बाटो खन्ने प्रवृत्तिले पदयात्रा पर्यटन प्रभावित बन्दै गएको र सरकारले पदयात्रा मार्गको पहिचान गरी ती क्षेत्रलाई पदयात्रा संरक्षण क्षेत्र घोषणा गर्नुपर्ने उनको सुझाव छ । पर्याप्त सम्भावना बोकेका अन्नपूर्ण सेरोफेरो लगायतका क्षेत्रको पदयात्रा पर्यटनलाई बचाउन सरकारले दीर्घकालीन सोचका साथ तत्काल पहल थाल्नुपर्ने आवश्यकता टड्कारो देखिएको छ ।

अन्नपूर्ण सेरोफेरोको अधिकांश खण्डमा मोटर पुगेसँगै पदयात्रा अवधि छोट्टिँदै जाँदा पदयात्रा पर्यटनमा चुनौती थपिएको बताउने पर्यटन व्यवसायी पदमार्गको संरक्षणका साथै वैकल्पिक पदमार्गको विकास गरिनुपर्ने धारणा राख्छन् । अन्नपूर्ण फेरोको पदयात्रा अवधि २१ दिनको रहेकामा ठाउँठाउँमा बाटो खिनिएका कारण अहिले सो पदयात्रामा पाँच/सात दिनमै सकिने गरेको छ ।

यस्तो क्रमले लामो समयको पदयात्रा रुचाउने पर्यटकले पदयात्रा मार्गका अन्य विकल्प खोज्ने हुँदा त्यसले भइरहेको पदयात्रा पर्यटन प्रत्यक्ष प्रभावित हुने व्यवसायीको तर्क छ । अन्नपूर्ण क्षेत्रमा रहेको पर्यटकीय सम्भाव्यतालाई उजागर गर्न पछिल्ला समयमा विभिन्न सङ्घसंस्था एवम् पर्यटन व्यवसायी पदयात्रा पर्यटन पवर्द्धनलाई प्राथमिकता दिन थालेका छन् । हालै अन्नपूर्ण क्षेत्रमा रहेको पदमार्गको प्रवर्द्धन गर्न १० वुँदे धम्पुस घोषणापत्र जारी गरिएको छ । गैरआवासीय नेपाली सङ्घ र सेन्चुरी पर्यटन व्यवसायी समितिले अन्नपूर्ण क्षेत्रअन्तर्गत पर्ने धम्पुस, छोमुङ हुँदै माछापुच्छ्रे आधार शिविर पुग्ने ट्रेकिङ रुटलाई नयाँ ढङ्गले सञ्चालनमा ल्याउन खोजिरहेको छ । रासस

## फोरजी सेवा संचालन गर्दै नेपाल टेलिकम

पोखरा १ कार्तिक ।

नेपाल टेलिकमले अगामी पुसदेखि पोखराको मुख्य शहरी क्षेत्र र काठमाडौंमा 'फोर-जी' सञ्चालन गर्ने भएको छ । फोर-जी चलाउन टेलिकमले तयार गरेको रोलआउट प्लानमा मंसिर ३० गतेदेखि फोर-जी सञ्चालन गर्ने तय गरिएको हो । दूरसञ्चार प्राधिकरणले उपलब्ध गराउने १८ सय मेगाहर्ज फ्रिक्वेन्सीमाफर्त पहिलो चरणमा नेपालका दुई मुख्य शहरमा फोर जी डाटा सर्भिस सञ्चालन गर्ने गरी योजना बनाएको टेलिकमकी प्रवक्ता प्रतिभा वैद्यले जानकारी दिइन् । टेलिकमले बनाएको यो योजना आइतवार नै दूरसञ्चार प्राधिकरणमा पेश गरिसकेको वैद्यले बताइन् । तर, फोर-जी कति स्पीडको हुने भन्ने विषय भने टेलिकमले सार्वजनिक गरेको छैन । सेवा सञ्चालनमा आएपछि मात्रै यो विषयमा जानकारी दिने वैद्यले बताइन् । सामान्यतः फोर-जी अपलोड ५० एमवीपीएस र डाउनलोड पतिसेकेन्ड १०० एमवीपीएसमा हुने उनको भनाइ छ । फोरजी ब्रोडव्याण्ड इन्टरनेट थ्रीजीभन्दा तिव्र गतिको हुने र यसले मोवाइल फोनवाट इन्टरनेट प्रयोग गर्ने उपभोक्तालाई फोटो तथा भिडियो अपलोड गर्न तथा हेर्न सहज हुने टेलिकमले बताएको छ ।

## हार्दिक बधाई

श्री कर्मा गुरूङज्यूलाई



सम्पूर्ण गुरुङ जातिहरुको प्रतिनिधिमूलक संस्था तमुधिं नेपालको गरिमामय अध्यक्ष पदमा हाम्रा विशेष शुभचिन्तक, सहयोगी एवं समाजसेवी श्री कर्मा गुरुङ ज्यू सर्वसम्मत निर्वाचित हुनुभएकोमा उहाँ लगायत निर्वाचित सम्पूर्ण पदाधिकारीहरुको कार्यकालको पूर्ण सफलताको शुभकामनासहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

केशवराज बराल
महासचिव

वीरभद्र आचार्य
अध्यक्ष

एवं सहारा क्लव पोखरा परिवार
पोखरा-५, बसपार्क

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उद्यम्य साहस हुन्छ ।
- लर्ड नेपियर

## सम्पादकीय ...

# सर्वोच्चको सुगा रटाई किन ?

तमासा सधैं रमाइलो हुँदैन । कहिले कहीं विशेषगरी जिम्मेवार व्यक्ति र निकायका कामकाज तमासा बन्न पुग्दा राज्यकै विश्वसनीयतामै आँच आउँछ । अस्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीका नाममा सर्वोच्च अदालतले जारी गरेको म्याद तामेली कार्य यस्तै सबैका लागि प्रत्युत्पादक तमासा बन्ने जोखिम बढ्दै गएको छ । सर्वोच्च अदालतमा उपस्थित हुन प्रमुख आयुक्त कार्कीका नाममा जारी भएको म्याद तीन दिनको प्रयासमा पनि तामेल हुन सकेन । पहिलो दिन महानगरपालिकाका सम्बन्धित बडा कार्यालयको सचिव उपस्थित नभएकाले म्याद तामेल गर्न गएका सर्वोच्च अदालतका कर्मचारी काम पूरै नगरी फर्के । दोस्रो दिन म्याद टांस्ने प्रक्रियाका सबै कागजपत्र लिएका सर्वोच्च अदालतकै कर्मचारी अत्यन्त नाटकीय ढंगमा हराइदिए । दसैं बिदापछि सोमबार म्याद तामेली गर्ने प्रयास केही व्यक्तिले अवरोध गरेका कारण विफल भएको बताइएको छ । कर्मचारी, अदालत र बडा कार्यालयका आ-आफ्नै बाध्यता होलान् तर यसरी म्याद तामेली गर्ने साधारण प्रक्रियासमेत विवाद र अन्योलमा पर्दा अदालत र समग्रमा राज्यका सबै संयन्त्रको साख गुमेको छ । लोकतन्त्र विधिको शासनमा टिकेको हुन्छ । आवधिक निर्वाचन र निर्वाचित प्रतिनिधिको सरकार हुँदैमा लोकतन्त्र हुँदैन । कम्तीमा विधिको शासन नभएको शासन पद्धतिलाई जीवित लोकतन्त्र मान्न सकिँदैन । विधिको शासनको मूल मापदण्ड स्वतन्त्र र सक्षम न्यायालय हो । कमजोर, नियन्त्रित र अक्षम न्यायपालिका भएको शासन प्रणाली लोकतान्त्रिक मानिँदैन । नेपालको संविधान, २०७२ अनुसार राज्यका सबै अंगले न्यायपालिकाको सम्मान आदेश मान्नुपर्छ । न्यायाधीशको कुनै निर्णयमा चित्त नबुझे उपचार खोज्ने विधि, प्रक्रिया र संयन्त्रको पनि संविधानमै व्यवस्था गरिएको छ तर अर्को निर्णय नहँदासम्म राज्यले कार्यान्वयन भने गराउनै पर्छ । तर, प्रमुख आयुक्त कार्कीको नामको म्याद तामेली प्रकरणमा भने अहिले सरकारका अरू अंगलाई दोष दिने अवस्था उत्पन्न भइसकेको छैन । यसैले सर्वोच्च अदालत स्वयं यस प्रकरणमा जिम्मेवार देखिन्छ । अदालतले म्याद तामेल गर्ने कर्तव्य पूरा नगर्ने आफ्नो कर्मचारीमाथि सबैभन्दा पहिले कारवाही गरेर अहिलेको गल्ती सच्याउन थाल्नुपर्छ । म्याद तामेलीकै लागि यति धेरै तमासा गरिरहनु सायद आवश्यक छैन । व्यक्तिलाई सार्वजनिक सूचना जारी गरेर पनि अदालतमा उपस्थित गराउन सकिन्छ । गोरखापत्रले त सूचना छाप्न इन्कार पक्कै नगर्ला ! प्रमुख आयुक्त कार्कीका नाममको म्याद तामेली प्रकरणबाट न्यायिक प्रक्रियाका केही गम्भीर पक्ष पनि उद्घाटित भएका छन् । पहिलो, सर्वोच्च अदालतकै सामान्य कर्मचारीले प्रधान न्यायाधीशको आदेशसमेत निरस्त तुल्याउने आँट गर्नसक्ने रहेछन् । हुन त, यसलाई सामान्यीकरण गर्दा अरू कर्मचारीमाथि अन्याय होला तर यति चर्चित मुद्दामा त यसरी अलमल्याउन सक्ने रकमी खेलबाट सामान्य जनता कति मर्कामा परेका होलान् ? कार्कीको म्याद बुझाउन त तारन्तार पठाइएको छ तर अरू मुद्दामा कस्तो व्यवहार हुन्छ ? पहुँच र पैसा हुनेले आफूविरुद्धको मुद्दा कति लम्याउँछन् होला ? कार्कीको र अरू मुद्दामा सर्वोच्च अदालतले कति फरक व्यवहार त गरेको छैन ? त्यसो हो भने त्यस व्यवहारलाई न्यायिक मनवाट प्रेरित मान्न सकिएला त ? निमुखा र गरिबले अहिलेकै जस्तो विकृतिले भरिएको पद्धतिबाट न्याय पाउन सम्भव छ ? यसैले जाली तर्कका भरमा मुद्दा लम्याएर पीडितमाथि थप अन्याय गर्ने अहिलेको प्रणालीको सुधारलाई प्राथमिकता दिइनुपर्छ । न्यायमूर्तिहरूले एकैपटक यी सबै प्रश्नको उत्तर दिन नसक्लान् तर न्याय प्रणालीभित्र पनि आत्मनीरिक्षणको खाँचो छ भन्नेमात्रै पनि आत्मसात् गरिदिए अदालत उपहासको पात्र बन्नेछैन ।

# वर्ण विन्यास, सरकारी निर्देशन र त्रिविको स्वायत्तता

प्रा.डा. शर्वराज आचार्य

अहिले वर्ण विन्यासको चर्चामा मानक नेपाली भाषा अभियान र नेपाली भाषा बचाऔं भन्ने भाषिक आन्दोलन देखिएका छन् । यी आन्दोलन नेपाली भाषाको अपमान र प्रयोगमा केन्द्रित भएको भए सार्थक हुने थिए । किनभने अशुद्ध भाषा प्रयोग गर्ने र नेपाली भाषा बोल्न नपाइने गतिविधिमा गणतन्त्र नेपालले चासो राखेको देखिएन । तर, आन्दोलन गर्नेहरू वर्ण विन्यासमात्र बोकेर शिक्षा मन्त्री, अदालत र अस्तियारको ढोका घच्चच्याउन पुरोका कुरा छापामा आएका छन् । घच्चच्याउँदा शिक्षा मन्त्रीलाई नेपाल सरकारको वर्ण विन्यास सम्बन्धी परिपत्र खारेज गर्न र त्रिभुवन विश्वविद्यालयलाई पनि अनिवार्य नेपालीको स्नातकको पाठ्यक्रम रद्द गर्ने निर्देशन दिन जोड दिएको खबर पढ्न पाइयो । तर, नेपाली भाषाको वर्ण विन्यास पढेर व्यावहारिक क्षेत्रमा काम गर्नेहरुले वर्ण विन्यास विगारेपट्टि कसैको चासो गएको देखिएन, यसको प्रयोग क्षेत्र, अध्यापन क्षेत्र र नेपाली भाषा अपमानित भएतर्फ पनि कसैको पटकै ध्यान गएको पाइएन ।

वर्ण विन्यासका बेथिति देख्नेहरुले क्याम्पस, निजी तथा सामुदायिक विद्यालय, बैंक, सहर बजारका साइन बोर्ड, व्यक्ति र संस्थाका परिचय कार्ड, नागरिक बडा पत्र, विद्यालयले दिने प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र, वकिल, लेखन्दासका लिखत, आफ्नै घरको जग्गाधनी प्रमाण पत्र आदितर्फ ध्यान दिनु पर्ने हो । शिक्षा र मानविकीको स्नातक प्रथम वर्षमा बाहेक अन्य स्नातक तहमा अनिवार्य नेपालीको पढाइ हुँदैन । उदाहणका लागि वाणिज्य, कृषि, चिकित्सा, नर्सिङ, इन्जिनियरिङ (आर्किटेक्चर बाहेक) वन विषयका स्नातक तहलाई लिन सकिन्छ । यिनीहरुमा अनिवार्य नेपाली शिक्षण गराउन नेपाली केन्द्रीय विभाग र अनिवार्य नेपाली शिक्षण समितिले पहल गरेको देखिएन । कक्षा ११ र १२ मा पनि एक वर्षमात्र नेपाली पढाइन्छ । वरु पहिले प्रमाण पत्र तहमा दुवै वर्ष अनिवार्य नेपाली पढाइन्थ्यो । त्यसलाई कायम राख्ने आवाज उठेको भए आन्दोलनको सार्थकता हुन्थ्यो । निजी विद्यालयहरुमा नेपाली विषयको कक्षामा बाहेक विद्यालय हाताभित्र विद्यार्थीलाई नेपाली भाषा बोल्नै दिईदैन, बोले कतै त विद्यार्थीलाई जरिवानासमेत गरिन्छ । यो त नेपालभित्रै नेपाली भाषामाथि अपमान भयो । आन्दोलन गर्नेहरुले निजी विद्यालयमा नेपाली भाषा बोल्ने हक दिलाउन र जरिवाना रोकाउन सके एउटा ऐतिहासिक काम हुने थियो । सामूदायिक विद्यालयमा पनि नेपाली भाषा बोल्न नपाइने अवस्था सिर्जना हुँदै छ । यसबाहेक बैंक र कतिपय कार्यालयका प्रायः लिखत नेपाली भाषामा हुँदैनन् । प्रायः नेपाली बैंकहरुका लिखत नेपालीमा लेखाउने अभियान चलाए पनि राम्रै हुन्थ्यो । संस्था र दोकानमा पाइने परिचय कार्ड, तिनका नेमप्लेट, विद्यालयका प्रमाण पत्र, नागरिकता, अदालती लेखनतर्फ (वकिल, लेखन्दास) आन्दोलन गर्नेहरुले शुद्ध वर्ण विन्यास लेखाउन सके नेपाली लेखनमा शुद्धताको क्षेत्र विस्तार हुने थियो । आफ्ना अनुभव र ज्ञानका कुरा लेखेर प्रकाशन गृहका पत्र पत्रिकामा आउने प्रायः लेखका पाण्डुलिपि हेर्ने व्यक्ति र फुफ रिडरसँग बसे नेपाली वर्ण विन्यासको अवस्था ज्ञान हुन्थ्यो । त्यस्ता लेखका पाण्डुलिपि हेरेर पीडाबोध गर्नेसँग आन्दोलन गर्नेहरुले पीडाबोध साट्न सकेका छैनन् । आफूले शुद्ध लेखेर दिएको लेख टाइप गर्नेले अशुद्ध टाइप गरेको पीडा त आफैं टाइप गर्ने हरेक लेखकलाई थाहा छ । वर्ण विन्यासका बेथितिमाथि शोधपत्र लेखाउने हरेक प्राध्यापकलाई बेस्रै पीडा छ । ककसले व्यवहारमा के कस्तो वर्ण विन्यास लेख्छन् भनी शोध नगर्ने र व्यावहारिक प्रयोगको अवस्था पनि नहेर्नेले वर्ण विन्यासका बेथिति हटाउन चाहेरमात्र बेथिति हट्दैन ।

हामीले के स्वीकार गर्नुपर्छ भने समग्रता र वैज्ञानिकतालेपाठकको मन जिती प्रयोगमा आउन सक्ने नेपाली शब्दकोश र नेपाली व्याकरणको खोजी अहिलेसम्म गरेका छैनौं । यो काम अझै अधुरो छ । अहिले नेपाली भाषा बचाऔं र मानक नेपाली भाषाको अभियानमा लाग्नेहरुले यो अधुरो काम पूरा गर्ने कार्यमा लागे ठूलो जस र यश पाउने थिए, बेथिति हटाउन सहयोग पुग्ने थियो । जो परम्परागत नेपाली वर्ण विन्यासको पक्षमा उभिन्छ, त्यो सरकारी आदेश र स्वीकृतिले एकलौटी चलेको वर्ण विन्यासका पक्षमा उभिएको ठान्नुपर्छ । जतिसुकै ठुलो विद्वान् भए पनि वर्ण विन्यासमा यस्तो सरकारी आदेश पालना गर्ने रोग श्री ३ महाराज जुध्द शमशेरको पालादेखि लागेको हो । वि.सं. २०७३ असोज १२ गते त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरुबाट आफ्नै अनिवार्य नेपाली शिक्षण समितिले बनाएको पाठ्यक्रममाथि हस्तक्षेप गर्न शिक्षा मन्त्रीसँग आग्रह गरेर त्यस रोगलाई पुनः जीवित गराउन खोजिएको हो । पाठ्यक्रम बनाउने र लागु गर्ने विश्वविद्यालयको स्वायत्ततामाथि सरकारी नियन्त्रण आवश्यक ठान्न खोजिएको छ । मन्त्रीसँग भेटपछि प्राध्यापकबाट अनिवार्य नेपाली शिक्षण निर्देशिका वि.सं.२०६६ अनुसार पठनपाठन नगराउन विश्वविद्यालयलाई निर्देशन दिन आग्रह गर्ने सूचना प्रवाह भएको छ । ती प्राध्यापकहरले मानक नेपाली भाषा अभियानका नाममा शिक्षा मन्त्रालयको पाठ्यक्रम विकास केन्द्रलाई वि.सं.२०६९ साउन २३ गते जारी भएको वर्ण विन्यास सम्बन्धी परिपत्र खारेज गर्ने निर्देशन दिनसमेत शिक्षामन्त्रीसँग आग्रह गरेका छन् । मानक नेपाली वर्ण विन्यास निर्माणमा सरकारी आदेश, निर्देशन र स्वीकृति आवश्यक छ भन्ने अप्राजिक भ्रमवाट प्राध्यापकहरु कहिले मुक्त हुन सक्लान् ?

यस भ्रमले वि.सं. २०३४ को नेपाली भाषा गोष्ठीले गरेको वर्ण विन्यास सम्बन्धी निर्णय, वि.सं.२०४० नेपाली बृहत् शब्दकोशको प्रयोग, वि.सं.२०५१, वि.सं.२०५७ र वि.सं.२०६६ का अनिवार्य नेपालीका पाठ्यक्रमहरु, नेपाल प्रज्ञा प्रतिष्ठानको वि.सं. २०५७ र २०६७ का भाषिक गोष्ठीका निर्णयहरुपति व्यङ्ग्य गरेको छ । किनभने यी सरकारी निर्णय थिएनन् । भाषिक नियमसम्बन्धी सरकारी निर्णयले गतिशीलतालाई नाममा अवकल्पो नियम र भाषिक व्यवहार लादिन्छन् । हाम्रा तद्भवीकरणको अभियानपूर्व वर्ण विन्यासका स्थापित मान्यता यस्तै हुन् । यस्ता लादिएका भाषाको विकासँगसँग सुपरिच्छत सिर्जनात्मक क्षमता रहँदैन । अहिले भाषिक नियम र व्यवहार लादनलाई अस्तियार, अदालत र शिक्षामन्त्री सँग हारगुहार मागिएको छ । जान अनजान भाषाको सिर्जनात्मक क्षमतामा ह्रास बढाउन खोजिएको छ । अनि गुहार मागी भाषाको लेखाइमा आउने अराजकताको समाधान सरकारका तीन अङ्गबाट निकाल्न खोजिएको छ । अराजकताको समाधान त नेपाली शब्दको शकार, नेपाली व्याकरणकार र नेपाली भाषाका पाठकको स्वाभाविक विवेकबाट हुन्छ । बरु त्यस विवेकसँग हारगुहार मान्न सके परम्परागत र सुधारिएका वर्ण विन्यासको तथ्य उजगार हुने थियो ।

यो स्वाभाविक विवेक पलाउन र तथ्य उजगार हुन नयाँ नयाँ नेपाली व्याकरण र नयाँ नयाँ नेपाली शब्दकोश लेखिनुपर्छ । नेपाली कोश र नेपाली व्याकरणको चिन्तनतर्फ भन्दा आन्दोलनतर्फ प्रबुद्ध प्राध्यापकहरु लागेको देखिएको छ । नेपाली अपभ्रंश भाषा भएकाले मान्छेको भिड र वक्तव्य जम्मा गरी यसको परिष्कार गर्न सकिँदैन । वरु शब्दकोश र व्याकरण लेख्ने भिड जम्मा गर्न सके परिष्कार गर्न सकिन्थ्यो । किनभने नेपाली भाषामा जति जति नयाँ कोश र व्याकरण लेखिँदै र थपिँदै जान्छन्, हामीमा नेपाली भाषालाई परिष्कार गर्ने, समग्रतालै हेर्ने, वैज्ञानिक शब्दकोश र वैज्ञानिक नेपाली व्याकरण लेख्ने आधार तयार हुँदै जान्छ । भाषाको विकासको निरपेक्षतामा चाहे परम्परागत वर्ण विन्यास वा चाहे सुधारिएका वर्ण विन्यास वा तदभवीकरण अभियानका नियम किन नहुन् सैद्धान्तिकमात्र हुन्छन्, व्यावहारिक हुँदैनन् । त्यसैले परम्परागत वैयाकरण सोमनाथ सिग्देल जस्ताले पनि आफ्नो नेपाली राष्ट्रिय व्याकरण भन्ने लेखोट कृतिको पृष्ट नं. २७ मा भनेका छन्-'व्याकरणले शब्द बनाएर लोकलाई शासन गर्ने होइन, किन्तु सुशिक्षित लोक व्यवहारको पछि लागी त्यसका अनुकूल नियमहरुको अनुसन्धान गरेर साधु प्रयोगको मार्ग प्रदर्शन गराई अनुशासनमात्र गर्छ ।' तर उनको यो भनाइ मध्य चन्द्रिका र नेपाली कसरी शुद्ध लेख्ने वि.सं.१९९२ भन्ने कृतिका मान्यतासँग मेल खाँदैन । लोक व्यवहार हेरेर भाषाको नियम खोज्ने काम उल्लिखित कृतिले गरेका छैनन् । तसर्थ परम्परागत वर्ण विन्यासको पक्षमा देखिएका केही व्यक्ति र संस्थाको पनि पुनर्विचार गर्ने समय आएको छ । यो विषयमा विवेक पलाउन र तथ्य उजगार हुन नयाँ नयाँ नेपाली व्याकरण र नयाँ नयाँ नेपाली शब्दकोश लेखिनुपर्छ । नेपाली कोश र नेपाली व्याकरणको चिन्तनतर्फ भन्दा आन्दोलनतर्फ प्रबुद्ध प्राध्यापकहरु लागेको देखिएको छ । नेपाली अपभ्रंश भाषा भएकाले मान्छेको भिड र वक्तव्य जम्मा गरी यसको परिष्कार गर्न सकिँदैन । वरु शब्दकोश र व्याकरण लेख्ने भिड जम्मा गर्न सके परिष्कार गर्न सकिन्थ्यो । किनभने नेपाली भाषामा जति जति नयाँ कोश र व्याकरण लेखिँदै र थपिँदै जान्छन्, हामीमा नेपाली भाषालाई परिष्कार गर्ने, समग्रतालै हेर्ने, वैज्ञानिक शब्दकोश र वैज्ञानिक नेपाली व्याकरण लेख्ने आधार तयार हुँदै जान्छ । भाषाको विकासको निरपेक्षतामा चाहे परम्परागत वर्ण विन्यास वा चाहे सुधारिएका वर्ण विन्यास वा तदभवीकरण अभियानका नियम किन नहुन् सैद्धान्तिकमात्र हुन्छन्, व्यावहारिक हुँदैनन् । त्यसैले परम्परागत वैयाकरण सोमनाथ सिग्देल जस्ताले पनि आफ्नो नेपाली राष्ट्रिय व्याकरण भन्ने लेखोट कृतिको पृष्ट नं. २७ मा भनेका छन्-'व्याकरणले शब्द बनाएर लोकलाई शासन गर्ने होइन, किन्तु सुशिक्षित लोक व्यवहारको पछि लागी त्यसका अनुकूल नियमहरुको अनुसन्धान गरेर साधु प्रयोगको मार्ग प्रदर्शन गराई अनुशासनमात्र गर्छ ।' तर उनको यो भनाइ मध्य चन्द्रिका र नेपाली कसरी शुद्ध लेख्ने वि.सं.१९९२ भन्ने कृतिका मान्यतासँग मेल खाँदैन । लोक व्यवहार हेरेर भाषाको नियम खोज्ने काम उल्लिखित कृतिले गरेका छैनन् । तसर्थ परम्परागत वर्ण विन्यासको पक्षमा देखिएका केही व्यक्ति र संस्थाको पनि पुनर्विचार गर्ने समय आएको छ । यो विषयमा विवेक पलाउन र तथ्य उजगार हुन नयाँ नयाँ नेपाली व्याकरण र नयाँ नयाँ नेपाली शब्दकोश लेखिनुपर्छ । नेपाली कोश र नेपाली व्याकरणको चिन्तनतर्फ भन्दा आन्दोलनतर्फ प्रबुद्ध प्राध्यापकहरु लागेको देखिएको छ । नेपाली अपभ्रंश भाषा भएकाले मान्छेको भिड र वक्तव्य जम्मा गरी यसको परिष्कार गर्न सकिँदैन । वरु शब्दकोश र व्याकरण लेख्ने भिड जम्मा गर्न सके परिष्कार गर्न सकिन्थ्यो । किनभने नेपाली भाषामा जति जति नयाँ कोश र व्याकरण लेखिँदै र थपिँदै जान्छन्, हामीमा नेपाली भाषालाई परिष्कार गर्ने, समग्रतालै हेर्ने, वैज्ञानिक शब्दकोश र वैज्ञानिक नेपाली व्याकरण लेख्ने आधार तयार हुँदै जान्छ । भाषाको विकासको निरपेक्षतामा चाहे परम्परागत वर्ण विन्यास वा चाहे सुधारिएका वर्ण विन्यास वा तदभवीकरण अभियानका नियम किन नहुन् सैद्धान्तिकमात्र हुन्छन्, व्यावहारिक हुँदैनन् । त्यसैले परम्परागत वैयाकरण सोमनाथ सिग्देल जस्ताले पनि आफ्नो नेपाली राष्ट्रिय व्याकरण भन्ने लेखोट कृतिको पृष्ट नं. २७ मा भनेका छन्-'व्याकरणले शब्द बनाएर लोकलाई शासन गर्ने होइन, किन्तु सुशिक्षित लोक व्यवहारको पछि लागी त्यसका अनुकूल नियमहरुको अनुसन्धान गरेर साधु प्रयोगको मार्ग प्रदर्शन गराई अनुशासनमात्र गर्छ ।' तर उनको यो भनाइ मध्य चन्द्रिका र नेपाली कसरी शुद्ध लेख्ने वि.सं.१९९२ भन्ने कृतिका मान्यतासँग मेल खाँदैन । लोक व्यवहार हेरेर भाषाको नियम खोज्ने काम उल्लिखित कृतिले गरेका छैनन् । तसर्थ परम्परागत वर्ण विन्यासको पक्षमा देखिएका

# आजको पञ्चाङ्ग

**मिति २०७३ साल कार्तिक २ गते मंगलबार, तदनुसार अक्टुबर १८ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् १९३६, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् शरद ऋतु चलिरहेको छ चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ सौरमान अनुसार आज कार्तिककृष्णपक्षको तृतीय तिथि अहोरात्र रहनेछ । आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मेष राशिमा अहोरात्र रहनेछ आज दिनमान २८ घटि ३३ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ०६ मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३१ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : पुरानो कार्यबाट आम्दानीमा एक्कासि वृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।

**वृष** : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ ।

**मिथुन** : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो भई कार्य शुरु गर्नुहोला ।

**कर्कट** : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ ।

**सिंह** : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला ।

**कन्या** : मित्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट व्यञ्जन प्राप्त हुनेछ ।

**तुला** : पारिवारिक विरोध खेल्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ ।

**वृश्चिक** : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुने।

**धनु** : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब रहनेछ ।

**मकर** : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

**कुम्भ** : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।

**मीन** : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसंग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउँमा सरिक हनु पाइनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९


**गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न**
Log on :
www.goldennews.com.np

**जग्गा बिक्रीमा**
पोखरा-५, मालेपाटन, स्टेप वाई स्टेप बोर्डिङ स्कूल नजिक २८ हात मोहडा ३६ हात पिछाड भएको जग्गा बिक्रीमा छ।
सम्पर्क : ९८४६०७७६१९
९८४६७५६६६६

**जग्गा बिक्रीमा**
पोखराको विरौटा नजिक होटल साझिलाको पछाडि १८ हाल मोहडा र ४० हात पिछाड भएको जग्गा बिक्रीमा छ ।
सम्पर्क : ९८४६९१४८३६
९८५६०३४८०१

**आवश्यकता**
पृथ्वीचोक स्थित एक ट्राभल्स एजेन्सीका लागि महिला कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८४६१३६१३७


# एमालेको वडा कमिटी गठन

पोखरा १ कार्तिक ।

सिद्ध गाविसको वडा नम्बर ८ र ९ मा नेकपा एमालेको वडा कमिटी गठन भएको छ । सिद्ध वडा नम्बर ८ को अध्यक्षमा रामकृष्ण कुमाल, उपाध्यक्षमा नारायणप्रसाद अधिकारी, सचिवमा शोभा कुमाल, उपसचिवमा शम्सेर परियार चयन भएका छन भने सदस्यमा मेघनाथ ओझा, ज्ञानबहादुर ओझा, सविता कुमाल हस्तबहादुर कुमाल रहेका छन् । यस्तै वडा नम्बर ९ को अध्यक्षमा मन्जु केसी, उपाध्यक्षमा राममाया माल, सचिवमा मालती कुमाल चयन भएका छन् । सदस्यहरुमा भरत कुमाल, अछयरी कुमाल, सुनिता कुमाल, र उदय कुमाल रहेका छन्। कार्यक्रममा एमाले प्रदेश नम्बर चारका सदस्य भिक कार्कीले उद्घाटन गरेका थिए । कार्यक्रममा बोल्दै उनले देशका आर्थिक विकास र समृद्धिका लागी एमालेको नेतृत्व आवश्यक रहेको बताए । कार्यक्रममा तनहुँ जिल्ला सदस्य प्रदिप अधिकारी, लम्जुङ जिल्ला सदस्य राजकुमार श्रेष्ठ, एमाले कास्कीका जिल्ला सदस्य नवराज ओझा, तनहुँ जिल्ला सदस्य खेम कुमाल, धर्मलाला कुमाल, सरिता कुमाल, मालती माल, डिल्लिराम खनाल लगायतले बोलेका थिए ।


**विदेश जानेहरुका लागि सुवर्ण अवसर**
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुबई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
✧शतप्रतिशत उत्तीर्ण गराउन सफल ✧आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
✧१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गाडमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचौकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला सँगै
फोन:०६१-५४०२५, मो. ९८४६०१९९२

**खुशीको खबर !**
के तपाईलाई लागीभागी भई छेवभेव गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शुकी, बाँझोपन हटाउने, स्याष्टिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।

अकलादेवी चढेकी अधिकारी (मिस्वाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५५५५


# तस्वीरमा चश्मा लगाउन नपाइने

पोखरा १ कार्तिक ।

*अमेरिकी राहदानी तथा प्रवेशाज्ञाका लागि तस्विर खिचाउँदा चस्मा अनिवार्य रुपमा फुकालनुपर्ने नेपालस्थित अमेरिकी राजदूतावासले जनाएको छ । सो प्रावधान यही कार्तिक १६ (नोभेम्बर १) बाट लागू हुने अमेरिकी राजदूतावासद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।*

*विज्ञप्तिमा अमेरिकी राहदानी तथा प्रवेशाज्ञाका लागि तस्विर खिचाउँदा हाले शत्यक्रिया गरी आँखाको सुरक्षाका लागि चस्मा लगाउनैपर्नेजस्ता विशेष स्वास्थ्य अवस्थामा मात्रै चस्मा लगाउन पाइने उल्लेख छ ।*


"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनद्रव्य लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कर्नर्स**
एशियन पेन्टस, रोयल इस्पायराका साथै सिपेजको समस्या समाधान , वाटर प्रुफिङ् गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

**पोखरामा पहिलो पटक**
- यौनवर्द्धक : लिङ्को साइज, पावर बढाउन, शिश्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, मुखाछ्र कसिलो बनाउन, पेटको घिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन सप्र अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- शाहे नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउने।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिम।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
**पोखरा हर्बल होम्स**
(माटमटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
शुभ के हो ? के गर्दा राम्रो हुन्छ ? कसरी सफलता हासिल गर्ने ? जीवनमा आउने समस्या कसरी समाधान गर्ने ? यी सबै प्रश्नको उत्तर पाउन आजै भेट्नुहोस् ।
फ्री सेवा

# पुनःनिर्माणका लागि काठ वितरणको तयारी तीव्र

**काठमाडौं १ कार्तिक ।**

वन तथा भूसंरक्षण मन्त्रालयले भूकम्प प्रभावित जिल्लामा पुनःनिर्माणका लागि सहज रुपमा काठ उपलब्ध गराउन तीव्र तयारी थालेको छ । मन्त्रालयले पुनःनिर्माणका लागि आवश्यक पर्ने काठका सम्बन्धमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणसँग समन्वय गर्न वन विभागका उपमहानिर्देशक हेम अर्यालका संयोजकत्वमा एकाइ गठन गरी काम अघि बढाइसकेको छ । सो एकाइले पुनःनिर्माणमा आवश्यक पर्ने काठको परिणाम र काठको आकार-प्रकारका बारेमा विस्तृत अध्ययन गर्नाका साथै कुन जिल्ला के कति काठ उपलब्ध छ भन्ने तथ्याङ्क सङ्कलन गर्ने वन सचिव कृष्णचन्द्र पौडेलले जानकारी दिए ।

उक्त एकाइले आइतबार सरोकार भएका सबै निकायका प्रतिनिधिसँग पहिलो बैठक बसी भूकम्पप्रभावित क्षेत्रमा सहज रुपमा काठ वितरण गर्ने योजना तयार गरेको छ । एकाइमा मन्त्रालय, विभाग र टिम्बर कर्पोरेसन लिमिटेडका प्रतिनिधि रहेका छन् ।

मन्त्रालयले भूकम्पपीडितलाई गोलिया काठ दिँदा गाह्रो हुन्छ भनेर आवश्यक आकारका चिरानी काठ दिने तयारी गरेको सचिव पौडेलले बताए । त्यसका लागि मन्त्रालयको निर्देशनमा टिम्बर कर्पोरेसनले काठ चिरान गर्न आफूसँग भएका पाँच स मिलसहित र थप चार स मिल भाडामा लिएर काठको आकार चिरान गर्ने तयारी गरेको छ ।

यसअघि मन्त्रालयले भूकम्पपीडित जनतालाई काठ वितरण गर्न 'भूकम्पपीडितका लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२' तयार गरी जारी गरिसकेको छ । विभागका महानिर्देशक कृष्णप्रसाद आचार्यले भूकम्प प्रभावित जनतालाई सहुलियत दरमा काठ वितरण गर्ने विभागको प्राथमिकता भएको बताए । उनले पुनःनिर्माणमा काठको कमी हुन नदिन विभिन्न कार्ययोजना अघि बढाई काम सुरु भएको पनि जानकारी दिए । भूकम्पपीडित जनता बाहेक राष्ट्रिय महत्वका पुरातात्विक धरोहर पुनःनिर्माणका लागि मन्त्रालयले पाँच वर्षमा सात लाख क्युफिट काठ उपलब्ध गराउने निर्णय गरेको छ। विभागले काठ दाउरा सङ्कलनलाई समयमा सुरु गरेर उत्पादन बढाउन र बिलाम स्वीकार गर्ने अनि विभिन्न बहानामा काठ नउठाउने प्रवृत्ति अन्त्य गर्ने कार्य योजना अघि सारेको महानिर्देशक आचार्यले बताए ।

विभागले हालसम्म भूकम्पले क्षति पुऱ्याएका ३१ मध्ये १५ जिल्लाका केही बस्तीमा करिब पाँच लाख क्युफिटभन्दा बढी काठ वितरण गरिसकेको छ । यसबाहेक वनमन्त्रीमा शङ्कर भण्डारी नियुक्त भएपछि उहाँले यही कार्तिक ३ गते पत्रकार सम्मेलन गरी मन्त्रालयका प्राथमिकता र नयाँ कार्यको प्रतिबद्धता सार्वजनिक गर्नुहुने जनाइएको छ ।

यसैगरी वन मन्त्रालयले राष्ट्रपति चुरे तराई-मधेस संरक्षण विकास समितिका पदाधिकारी एवम् सदस्यलाई कार्य प्रगतिका बारेमा जानकारी लिन पत्र लेखेको छ । मन्त्रालयले समितिका अध्यक्ष वीरेन्द्र यादव एवम् सदस्य विदुर भारती, दीपा प्रधान र रामदयाल यादवका नाममा लेखेको पत्र आज समितिमा पुगेको तर आफूहरुले हेर्न नभ्याएको समिति सदस्य भारतीले जानकारी दिए ।

स्रोतका अनुसार मन्त्रालयले उहाँहरुलाई कार्यप्रगति सन्तोषजनक नभएको जनाउँदै दसैं अगाडि नै स्पष्टीकरण सोधेको हो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले उहाँहरुलाई २०७२ साल फागुन ६ गते कानुन बमोजिम पाँच वर्षका लागि नियुक्त गरेको थियो । मन्त्रिपरिषदले पाँच वर्षका लागि नियुक्त गरे पनि समितिको गठन आदेशको दफा ३ को उपदफा ५ मा पदाधिकारी र सदस्यले पदअनुरुप काम नगरेमा सरकारले जुनसुकै बखत हटाउन सक्ने प्रावधान छ । rssss

# ताल संरक्षण समितिमा त्रिपाठी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ कार्तिक ।**

लेखनाथमा रहेका सात तालको संरक्षण र विकासका लागि ऋषिराम त्रिपाठीको अध्यक्षतामा नौ सदस्यीय सात ताल संरक्षण समिति गठन गरिएको छ। लेखनाथमा रहेका सातै वटा तालको प्रतिनिधित्व हुने गरि गठित तदर्थ समितिको सचिवमा हरिप्रसाद अधिकारी रहेका छन् भने समितिको सदस्यमा दिननाथ ढकाल, रामजी लामिछाने, कुलप्रसाद अधिकारी, मेघराज भण्डारी, सूर्यनाथ भण्डारी र भरतराज न्यौपाने रहेका छन् ।


## सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi को Spark Middle East Star Skill Force, UAE को DPS कम्पनी Group-4 बाराहरु, सबार नगाउका देशहरुमा सेक्यूरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्यूरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरव्यक्तिय तयारी कक्षाहरु सञ्चालन भईरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्बन्धी गरी आफ्नो सूचीमा भविष्यको सुनिश्चित गर्न होला ।

तयारी कक्षा धमाधम

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. नल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडी, पोखरा बिजनेस कम्प्लेक्सको भवन - तल्लो तला)
मोटर नं. ३४
फोन नं. : ०६१-५३०७१४, ५३५५५२, ९८४५७५५३४०,
९८४५७२५४४०, ९८४५०२२८६२, ९८४५९४२३३१



## अनेक समस्या सफल उपचार

**ग्याष्ट्रिक:** खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

**थोन समस्या:** सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

**महिला सम्बन्धि समस्या**

महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धसां हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

**जाँड रक्सी थाहा नदिई कैहि दिनमै छुटाउने**

**सुन्दरता:-** कालो चाया पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुल्ही जानलो शरिरको तौल घटाउने साथै जोनी पन घटाउने ।

**थप उपचार:-** प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

**शितल आयुर्वेद फर्मा**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२५४५८, मो. ९८४६९१३७४१८

फ्रि होम डेलिभरि


## हार्दिक सम्वेदना

जन्म:
वि.स.२००१/०१/२१

स्वर्गारोहण:
वि.स.२०७३/०६/२१

**स्व. पशुपति सुवेदी**

**हाम्रा आदरणीय सम्धी, ससुरा बुबा, हजुरबुबा पशुपति सुवेदीको असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक सम्वेदना प्रकट गर्दछौं ।**

**सम्धिनी**
**शान्तादेवी कोइराला**

**छोरी / ज्वाईंहरू**
सरिता कोइराला / गेहेन्द्रेश्वर कोइराला
विजया कोइराला / निदेश कोइराला
उज्वला कोइराला / दिवशनाथ कोइराला
सविता कोइराला / शरणनाथ कोइराला
अम्बिका कोइराला / पालननाथ कोइराला

**नाति/नातिनीहरू**
सहारा कोइराला, उदीत, सगुन, दीक्षा, उत्सव, भूमिका (वुनु) कोइराला

एवं **कोइराला परिवार**
गैरापाटन, पोखरा


# सफलताको दशौं बर्षमा प्रवेश

CELEBRATING 10 years

## ओम डेभलपमेन्ट बैंक लि.
## OM DEVELOPMENT BANK LTD.

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तर)
(साबिकको सिटी डेभलपमेन्ट बैंक लि. र ओम फाइनान्स लि. एक आपसमा गाभिएर बनेको संस्था)

केन्द्रीय कार्यालय : विप्लेदुङ्गा, पोखरा, पो.ब.नं. ३७२,
फोन : ०६१-५२१५०५, ५२१९१२
फ्याक्स : ०६१-५३३०३८
इमेल : info@ombank.com.np
वेवसाईट : www.ombank.com.np

### नेपाल राष्ट्र बैंक NEPAL RASTRA BANK

**शुभ-कामना**

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त वित्तीय संस्था **ओम डेभलपमेन्ट बैंक लिमिटेडले** स्थापनाको नवौं वर्ष पूरा गरी दसौं वर्षमा प्रवेश गर्न लागेको अवसर मा म शुभकामना व्यक्त गर्दछु ।

स्थानीय स्तरमा रहेको बचत परिचालन तथा कर्जा प्रवाह मार्फत वित्तीय सेवामा सबैको पहुँच बढाउन सहयोग गर्दुका साथै सर्वसाधारणका लागि वित्तीय सेवा प्रवर्द्धनमा बचत विकास बैंकले थप योगदान दिँदै जाने मैले अपेक्षा गरेको छु । बैंकिङ्ग प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्दै बैंकले उत्पादनमूलक लगानी प्रवर्द्धन गरी देशको आर्थिक विकासमा उत्तरदायित्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास गरेको छु ।

आगामी दिनहरुमा यस विकास बैंकले विज्ञमाग ऐन-नियम र निर्देशनको पालना गर्दै ग्राहकमैत्री वित्तीय सेवा, संरक्षणमा सुधारमा र कार्यक्षमता उपयोगमार्फत स्थरमा, प्रतिस्पर्धी तथा गुणस्तरीय वित्तीय सेवा पुऱ्याउन सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

डा. चिरञ्जीवि नेपाल
गभर्नर

### ओम डेभलपमेन्ट बैंक लि. OM DEVELOPMENT BANK LTD.

**मन्तव्य**

सेवा, सुरक्षा, सन्तुष्टि र समुचित प्रतिफल सहितको गुणस्तरीय सेवाहरु प्रदान गर्दै आइरहेको ओम डेभलपमेण्ट बैंक लिमिटेडले सफलताका साथ नवौं वर्ष पूरा गरी दसौं वर्ष प्रवेश गरेको अवसरमा बैंकलाई आजको अवस्थामा ल्याई पुऱ्याउन योगदान तथा सहयोग गर्नु हुने सम्पूर्ण ग्राहक महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज, नेपाल क्लियरिङ्ग बोर्ड, सेयर रजिष्ट्रार, संस्थापक तथा साधारण सेयरधनी महानुभावहरु, संचालकहरु, कर्मचारीहरु लगायत शुभेच्छुकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

देशको आर्थिक तथा शहरी विभिन्न क्षेत्रहरु गरी २५ वटा शाखाहरुबाट शुरुदेखि सरलको विकासमा बैंकको रुपमा एउटा भरपर्दो वित्तीय मध्यस्थकर्ताको पहिचान बनाउन सफल यस बैंकले मझौला विकास बैंक लिमिटेडसंग गर्न लागेको वित्तीय संस्थाहरुको संस्थागत विस्तार भई अझ बढी सशक्त ढंगले सेवाहरु प्रदान गर्ने विश्वास लिएको छु ।

अन्तमा शुभ दीपावली २०७३ को हार्दिक मंगलमय शुभकामना । यस शुभ दीपावलीले देशमा नित्यो शान्ति र प्रत्येक नेपालीको घर-घरमा समृद्धिको दियो जलाओस्, मार्ग प्रशस्त गरोस् भनी शुभकामना व्यक्त गर्दछु ।

सुशील कुमार मोहली
अध्यक्ष

### ओम डेभलपमेन्ट बैंक लि. OM DEVELOPMENT BANK LTD.

**प्रतिबद्धता**

ओम डेभलपमेण्ट बैंक लिमिटेडले सफल सञ्चालनको नवौं वर्ष पूरा गरी दसौं वर्ष प्रवेश गरेको सुखद अवसरमा यस बैंकलाई सफल, जवाल तथा बाहकहरुको रोजाइको एक प्रमुख बैंक बनाउन अडीम विश्वास तथा स्नेह गर्नु हुने समस्त आदरणीय ग्राहकवर्ग तथा शुभेच्छुक महानुभावहरुमा हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

विगत नौ वर्ष देखि अत्याधुनिक प्रविधि मार्फत् राष्ट्रिय स्तरमा बैंकिङ्ग सेवा प्रदान गरिरहेको यस बैंकले लगानीलाई विविधिकरण गरि उत्पादनमूलक क्षेत्रमा देशको आवश्यकतानुसार एवं गरिबी निवारणमा सहयोग पुग्ने खुसि, पर्यटन र साना तथा मझौला उत्पादनमूलक क्षेत्रमा महिला, पिछडिएका वर्ग तथा युवाहरुमा लक्षित बैंकिङ्ग कार्यक्रम तथा लघुवित्त कार्यक्रम समेत सञ्चालन गरिरहेको छ । बैंकिङ्ग सेवामा सबै जनताको सहज, सुलभ तथा समान पहुँच भएमा मात्र देशको आर्थिक विकासमा बैंकको सार्थक योगदान हुन सकी कुशलाई हुदर्गमल गर्दै आगामी दिनहरुमा यस बैंकको सेवालाई आमिण तथा बैंकिङ्ग सेवा नपुगेका क्षेत्रहरुमा विस्तार गर्दै लगिने प्रतिबद्धता व्यक्त गर्दछु ।

साथै आउदै गरेको महान चाड शुभ दीपावलीको अवसरमा समस्त दिदीबहिनी तथा दाजु भाईहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

विश्व मोहन अधिकारी
प्रमुख कार्यकारी अधिकृत

**२०७३ असोज मसान्त सम्मको वित्तीय झलक :**
- चुक्ता पुँजी : रु.१ अर्ब ५ करोड २८ लाख
- निक्षेप : रु.१२ अर्ब २१ करोड
- कर्जा लगानी : रु.१० अर्ब ७७ करोड
- सञ्चालन मुनाफा : रु.१० करोड ६० लाख
- ग्राहक संख्या : १ लाख ३५ हजार
- शाखा संख्या : २५

साबिकको सिटी डेभलपमेन्ट बैंक लिमिटेड र ओम फाइनान्स लिमिटेड एक आपसमा गाभिएर बनेको संस्था "ओम डेभलपमेन्ट बैंक लिमिटेड" ले स्थापनाको नवौं बर्ष सफलतापूर्वक पूरा गरी दशौं बर्षमा प्रवेश गरेको सुखद अवसरमा हार्दिक बधाई ज्ञापन गर्दै बैंकको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
SIDDHARTHA INSURANCE LIMITED
Security in a true sense
Pokhara Branch : New Road, Pokhara
Tel. : 061-532120

संजोग ट्राभल्स प्रा.लि.
दैनिक स्तरीय सेवा AC/DELUXE

prabhu INSURANCE

सगरमाथा इन्स्योरेन्स कं. लि.
पोखरा शाखा: न्यूरोड, पोखरा
फोन: ०६१-५३५०५७,

your bank, your partner

# सातौं खेलकुदका लागि कास्कीमा खेलाडी छनोट

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ कार्तिक ।**

पूर्वाञ्चलमा आयोजना हुने सातौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि पश्चिमाञ्चलमा कात्तिक तेश्रो साताबाट खेलाडी छनोट गरिने भएको छ । कात्तिक २१ देखि मंसिर ३ गतेसम्म पोखरा रंगशालामा संचालन हुने भएको हो । सातौं राष्ट्रिय खेलकुद प्रतियोगितामा पश्चिमाञ्चलले २१ खेलमा सहभागीता जनाउने र २१ खेलमा सहभागी हुने खेलाडी छनोट गरिने पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेलले बताए। छनोट खेलहरु पश्चिमाञ्चलका विभिन्न जिल्लामा गरिने भएको छ ।

प्रतियोगिताको २३ गते पोखरा रंगशालामा उद्घाटन हुने र विभिन्न जिल्लामा छनोट खेल संचालन गरिने भएको छ । कास्कीमा एथलेटिक्स, बक्सिङ पुरुष, खो-खो,महिला /पुरुष क्रिकेट, ह्याण्डबल पुरुष, जुडो, उसु, फुलकन्टुयाक गरिंदै, टेबलटेनिस, भरोत्तोलनका छनोट खेल पोखरा रंगशालामा हुने छन ।त्यस्तै महिला/पुरुष फुटबल रुपन्देही, तेक्वान्दो तनहुँ, करांते म्यार्दी, महिला/ पुरुष भलिबल म्यार्दी, कबडडी महिला/पुरुष नवलपरासी, कुस्ती कंपिलवस्तु, ब्याडमिन्टन गुल्मी, बास्केटबल पुरुष स्याङजा, चेस पाल्पा, आई.टि.एफ वाल्लुङ, सुटिङ बाग्लुङमा संचालन गरिने क्षेत्रीय खेलकुद विकास समितिले जनाएकोछ ।

पश्चिमाञ्चलका १६ औटै जिल्लामा खेलाडी छनोट सम्पन्न भैसकेको समितिले जनाएकोछ। यसैबीच कसाली राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि कास्कीमा खेलाडी छनोट सम्पन्न भएको छ। छनोट अन्तंगत तेक्वान्दो कराँते, ह्याण्डबल, फुटबल लगायत खेलका खेलाडी छनोट भएका छन् ।

सातौंका लागि तेक्वान्दोबाट पुरुष तर्फ ५४ केजीमुनि सुरज माझी, ५८ केजीमा मनिष यादव, ६३ केजीमा दर्शन श्रेष्ठ, ६८ केजीमा समिर गुरुङ, ८७ केजीमा शंकर कार्की, रहेका छन । महिला तर्फ ४६ केजीमा कविता मगर, ४९ केजीमा स्नेहा पौरियार, ५३ केजीमा मनिष परियार, ५७ केजीमा नयना राना मगर, र ६९ केजीमुनि रेखमाया गुरुङ छनोट भएका छन् । त्यस्तै सितेरियो कराँते पुरुष तर्फ ५५ केजीमा कृष्ण केसी, ५० केजीमा सुजन नेपाली, ६० केजीमा प्रकाश खड्का, ७७ केसीमा दिपक पुन, ७५ केजीमा अमृत अधिकारी, ८४ केजीमा जिवन मल्ल रहेका छन भने महिलातर्फ ४५ केजी मोनु तामाङ, ५० केजीमा विमला नेपाली, ५५ केजीमा अञ्जु श्रेष्ठ, ६१ केजीमा अनिता थापा, ६८ केजीमा प्रकृति रोक्का रहेका छन्।

पुरुष एकल काता पुरुष तर्फ विष्णु नेपाली, टिमकातामा विष्णु नेपाली, प्रभावत पुन सुजन पुन र महिला एकल कातामा विमला नेपाली, टिम कातामा विमला नेपाली, मोनु तामाड । अनिता मागर छनोट भएका छन् ।

त्यस्तै महिला ह्याण्डबल तर्फ एलीसा लामिछाने, सुस्मिता गुरुङ, टिका पुन, किश्मा पुन, भगवती पुन, आकृति गुरुङ, शिला रेग्मी, श्रीया गौचन, दिप्ती गुरुङ, ममता लामा, अमिशा गुरुङ, सम्झना छन्त्याल छनोट भएका छन् । त्यस्तै पुरुष ह्याण्डबल तर्फ विशाल बस्नेत, दिनेश श्रेष्ठ, विमल थापा, विमल अधिकारी, भासु गुरुङ, प्रेम गुरुङ, प्रेम गुरुङ, चन्द्र के.सी, सन्दिप खड्का,देवी गुरुङ, तारा केसी र सुरज देवकोटा रहेका छन् ।

सातौं खेलकुदका लागि पुरुष फुटबलका लागि अनिल गुरुङ, हेमन्त गुरुङ, विजय गुरुङ, उत्तम गुरुङ, विष्णु गुरुङ, रवि थापा, शिव सुवेदी, विमल बस्नेत, विमल राना, तेन्जिङ नाम्गेल, सिद्धार्थ रन्जित, आशिष केसी, गौरव गुरुङ, विरेन्द्र गुरुङ, सुशान गुरुङ, सुनिल गुरुङ र रञ्जन श्रेष्ठ छनोट भएका छन् । त्यस्तै बक्सिङ खेलबाट विष्णु गौतम, किरण तामाङ, दिनेश बानियाँ, सविन गुरुङ, अमृत गुरुङ, पवन गुरुङ, मदुसुधन श्रेष्ठ, चिन्तन नेपाली र ओमप्रकाश गुरुङ छनोट भएका छन् । यस्तै महिला फुवटल तर्फ नमिता गुरुङ, पार्वती रानामगर, नविना गुरुङ, शोनु नेपाली, विनु थापामगर, स्मृति गुरुङ, संविता वास्तोला, सदिच्छा नेपाली, ईनिशा गुरुङ, आकृति गुरुङ, पुजा सिग्देल, अनिमा लामिछाने, रन्जना लामा, रविशा विक, सुश्मीता श्रेष्ठ, प्रतिज्ञा नेपाली, रश्मी गुरुङ, लक्ष्मी गुरुङ छनोट भएका छन् ।

# माउण्ट कैलाश रिसोर्टलाई विश्व अवार्ड

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ कार्तिक ।**

पोखराको लेकसाईड स्थित माउण्ट कैलाश रिसोर्टले गुणस्तरीय सेवा प्रदान गरे वापत विश्व अवार्ड जित्न सफल भएको छ । विश्वभरका विभिन्न क्षेत्रका उत्पादनमूलक कम्पनी तथा सेवा प्रदायक कम्पनीलाई प्रदान गर्ने गरिएको अवार्ड माउण्ट कैलाश रिसोर्टले हात पारेको हो ।

माउण्ट कैलाश रिसोर्ट यो अवार्ड प्राप्त गर्ने पहिलो नेपाली रिसोर्ट हो । विजनेश एनिसिएटिभ डिरेक्सन्स (बिआइडी) नामक अन्तर्राष्ट्रिय संस्थाले रिसोर्टलाई 'वर्ल्ड क्वालिटी कमिटमेन्ट अवार्ड' प्रदान गरेको हो ।

गएराति फ्रान्सको राजधानी पेरिसमा आयोजित कार्यक्रमका बीच रिसोर्टका अध्यक्ष नरेश भट्टराई र प्रबन्ध निर्देशक शौमाया गुरुङ भट्टराईले अवार्ड ग्रहण गरे । अवार्ड हात पारेपछि भट्टराईले नेपाली होटल, रिसोर्ट र रेष्टुरेन्ट अन्तर्राष्ट्रिय गुणस्तरको सेवा प्रदान गर्न सक्षम रहेको प्रमाणित भएको बताए । माउण्ट कैलाशले प्राप्त गरेको अन्तर्राष्ट्रिय अवार्डले पोखरासँगै नेपालकै पर्यटन प्रवर्द्धनमा थप सहयोग पुऱ्याउने भट्टराईको विश्वास छ ।

कार्यक्रममा उनले माउण्ट कैलाश रिसोर्टले प्रदान गर्दै आएको सेवालाई थप गुणस्तरीय बनाउने प्रतिबद्धता जनाए ।

स्थापनाको ७ वर्ष पुरा गरेको रिसोर्टले यसअघि विभिन्न अन्तर्राष्ट्रिय अवार्डहरु समेत हात पारिसकेको छ। बिआइडी नामक संस्थाले विश्वभरका विभिन्न क्षेत्रमा संलग्न कम्पनीहरुका सेवाको गुणस्तरीयता मूल्याङ्कन गरी वार्षिक रुपमा अवार्ड प्रदान गर्दै आएको छ। यो वर्ष नेपालबाट माउण्ट कैलाश रिसोर्ट संगै विभिन्न देशका विभिन्न कम्पनीहरुले अन्तर्राष्ट्रिय गुणस्तरको अवार्ड प्राप्त गर्न सफल भएका छन् ।

# सृजनशिल बालविकास कार्यक्रमबारे छलफल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ कार्तिक ।**

कास्कीको पोखरामा मुख्य कार्यालय रहेको सृजनशिल बालविकास कार्यक्रमले आर्थिक वर्ष २०७२/७३ को सामाजिक लेखाजोखा कार्यक्रम सोमबार सम्पन्न गरेको छ । पोखरामा बालगृह संचालन गरि १८ जना बालबालिकालाई आवासीय संरक्षणमा राखेको र नेपालका विभिन्न जिल्लामा १०६ जना बालबालिकालाई आर्थिक छात्रवृत्ति प्रदान गरेको उक्त संस्थाले संस्थाका पदाधिकारी, कर्मचारी, सेवाग्राही, स्थानीय जनसमुदाय, लक्षित वर्ग, संचारकर्मी लगायतको सहभागितामा सामाजिक लेखाजोखा सम्पन्न गरेको हो ।

कार्यक्रममा संस्थाका अध्यक्ष शंकर पन्थले संस्थाको लक्ष्य, उद्देश्य र गत आर्थिक वर्षमा गरिएका कार्यक्रमको बारेमा जानकारी प्रस्तुत गरेका थिए । कार्यक्रममा बोल्दै बडा महिला समन्वय समितिका उपाध्यक्ष कल्पना थापाले संस्थाले राम्रो काम गरिरहेको भन्दै बालबालिका छनौट गर्दा लक्षित बालबालिकामात्रै छनौट गर्नुपर्ने बताए । टोल विकास संस्थाका अध्यक्ष घनश्याम गौतमले गृहमा रहेका बालबालिकाको भविष्य सुनिश्चित हुनुपर्ने बताए । कार्यक्रममा बोल्दै टोल विकास संस्था समन्वय समिति बडा नं. १५ का अध्यक्ष प्रकाश पौडेलले संस्थाको कार्यक्रम अन्यत्रै राम्रो रहेको र यसलाई निरन्तरता दिन नगरपालिकासंग समन्वय गरेमा प्रभावकारी हुने बताए ।

बालगृह संजाल कास्कीका संस्थापक सदस्य गणेश पाखिनले संस्थाले संचालन गरेको ओढारे प्रोजेक्टमा आफूले प्रत्यक्ष भ्रमण गरेको उल्लेख गदै कार्यक्रम अन्यान्तै प्रभावकारी रहेको बताए।

शिक्षक राजेन्द्र अधिकारी, शिव भण्डारी, छात्रवृत्ति प्राप्त बालिकाका बुवा जान प्रसाद तिवारी लगायतले संस्थाद्वारा संचालित कार्यक्रमका सकारात्मक पक्ष र आगामी दिनका लागि अवलम्बन गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा संस्थाका सचिव राम प्रसाद शर्मा र अध्यक्ष शंकर पन्थले सहभागीहरुबाट आएका सुझावहरुलाई कार्यान्वय गर्ने प्रतिबद्धता जनाएका थिए। सामाजिक लेखाजोखा कार्यक्रममा सहजकर्ताको भूमिका थि एन्जल्स नेपालका प्रशासकीय सचिव भिम प्रसाद पौडेलले गरेका थिए ।

# रामबजार टोल सुधार समितिमा शुभकामना

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ कार्तिक ।**

टोल सुधार समिति रामबजार १०/१५ पोखरालै विजयादशमी तथा शुभदीपावलीको अवसरमा शुभकामना आदान-प्रदान तथा पोखरा उद्योग वाणिज्य संघका निर्वाचित पदाधिकारीलाई सम्मान तथा स्वागत कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सांसद शारदा पौडेलले सम्पूर्ण नेपालीलाई विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् लगायतका चाडपर्वको शुभकामना दिएकी थिइन पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष लगायत टिमलाई बधाई दिएकी थिइन ।

उक्त अवसरमा बोल्दै उनले पोखराका उद्योग व्यवसायमा आवद्ध सदस्यहरुको हकहित र समस्या समाधान गर्दै समस्त पोखरा विकासमा संघको नेतृत्व गम्भीर हुनुपर्नेमा जोड दिइन । नेपालका सबै दल मिलेर नयाँ नेपाल निर्माण गर्न लाग्नुपर्ने र स्थानीय निर्वाचन छिटोभन्दा छिटो गर्न सरकार लागिपरेको उनले बताइ ।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विश्वशंकर पालिखे लगायत पदाधिकारीलाई सम्मान गरिएको । कार्यक्रममा अध्यक्ष पालिखेले रामबजारबासीको सम्मानले शिर उचो बनाएको बताउदै समस्त व्यापारी लगायत पोखरेलीको हक र हितमा काम गर्दै बाहिरी देशबाट आएको सोलार बत्तीलाई रामबजारमा राख्न पहल गर्ने जानकारी दिए ।

रामबजार सोसाइटी युकेका सल्लाहकार महेश गुरुङले पोखरा विकासमा रामबजार सोसाइटी युके र पोखरेलीले समेत सहयोग गर्ने बताए ममिता स्मृति प्रतिष्ठानका अध्यक्ष ऋषिराम विक, बुद्धचोक महिला समूहका अध्यक्ष सीता बानिया लगायतले बोलेका थिए । रामबजारबासी तथा सम्पूर्ण संघ-संस्थाहरुको तर्फबाट शुभकामना व्यक्त गरिएको कार्यक्रम टोल सुधार समिति रामबजार १०, १५ का अध्यक्ष सम्मरबहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रमको संचालन सचिव नारायण श्रेष्ठले गरेका थिए ।

# जीप दुर्घटनामा ११ जना घाइते

**तनहुँ १ कार्तिक ।**

तनहुँको वसन्तपुर गाविस-३ मोहरियास्थित भिरी कच्ची सडकबाट गएराति एउटा जिप ६० मिटर तल खसी दुर्घटना हुंदा चालकसहित ११ जना यात्रु घाइते भएका छन् घाइतेमध्ये सातजनाको अवस्था गम्भीर रहेको बताइएको छ । दुम्रेबाट यानीको यान जादै गरेको नारच ९४८८ नं.को जिप दुर्घटनामा परेको हो ।

दुर्घटनामा परी गम्भीर घाइते हुनेमा तनहुँको वसन्तपुर गाविस-१ बस्ने ३५ वर्षीय तेजबहादुर तामाङ, वसन्तपुर-१ के २६ वर्षीय कल्पना मजकोटी, सोही ठाउँका २५ वर्षीय नमिना रम्तेल, ५० वर्षीय शान्तिदेवी श्रेष्ठ र ४१ वर्षीय पार्वती लम्साल रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका सूचना अधिकृत प्रहरी नायब उपरीक्षक सुरेन्द्रबहादुर गुरुङले बताए । गम्भीर घाइतेको पोखराको मणिपाल र पर्लिंग अस्पताल तथा अन्यको गोरखा पोलिक्लिनिक तुरुतैमा उपचार भइरहेको छ । जिप चालक घाइते भए पनि उनको नाम खुल्न सकेको छैन । राति भएको उक्त दुर्घटनाका घाइतेलाई पुकोट इप्रका भानु डुमे र जिल्ला प्रहरी कार्यालय तनहुँबाट प्रनाउ गुरुङको नेतृत्वमा खटिएको टोलीले उद्धार गरेको थियो । जिप दुर्घटना हुनाका कारण खुल्न सकेको छैन ।

यसैगरी कटारी बजारबाट मिचैयातर्फ जादै गरेको जिपले मिचैयाबाट कटारीतर्फ आउँदै गरेको मोटरसाइकललाई सोमबार अपराह्न ठक्कर दिंदा मोटरसाइकल चालक कटारी-७ का पुष्कर थापाको घटनास्थलमै मृत्यु भएको छ । इलाका प्रहरी कार्यालय कटारीका अनुसार बा १५ च ८५९८ नंको बलेरो जिपले मिचैयाबाट कटारीतर्फ जादै गरेको स१०प ८२०२ नंको मोटरसाइकललाई ठक्कर दिंदा सो दुर्घटना भएको हो । यसैगरी पूर्व पश्चिम राजमार्गअन्तर्गत झापाको कनकाई नगरपालिका-२ स्थित जुके कल्भर्टमा सोमबार बिहान भएको सडक दुर्घटनामा परी दुईजनाको घटनास्थलमा नै मृत्यु भएको छ । मृत्यु हुनेमा कनकाई नगरपालिका-३ निवासी ५७ वर्षीय तीलबिक्रम थेवे र सोही ठाउँका ६० वर्षीय अग्नि भेटवाल रहेका छन् । रासस

# दरौंदी ए जलविद्युत्को परीक्षण उत्पादन सुरु

**गोल्डेन न्यूज संवाददाता**
**गोरखा १ कार्तिक ।**

गोरखाको मुच्चोकमा निर्माण गरिएको ६ मेगावाट क्षमताको दरौंदी ए जलविद्युत आयोजनाको परीक्षण उत्पादन सुरु गरिएको छ। असोज २२ गतेदेखि विभिन्न चरणमा परीक्षण उत्पादन गरिँदै आएको आयोजनाले जनाएको छ। उक्त आयोजना कालिका हाइड्रोपावर कम्पनीले रु एक अर्ब १० करोडको लगानीमा निर्माण गरेको हो ।

आयोजनाको सम्पूर्ण परीक्षण सकिएपछि नेपाल विद्युत् प्राधिकरणलाई छिट्टै विद्युत् बिक्री सुरु गरिने आयोजना निर्माण कम्पनीका प्रबन्धक विष्णु पन्तले बताए । 'रन अफ द रिभर' प्रकृतिको आयोजनाको पावर हाउस चनौटेमा निर्माण गरिएको छ। चनौटेदेखि गोरखा सदरमुकामको हरमटारी स्थित विद्युत् सबस्टेसनसम्म प्रसारण लाइन ल्याइएको छ। आयोजनाको विद्युत् १५ दिनसम्म नेपाल विद्युत् प्राधिकरणले निःशुल्क रुपमा प्रयोग गरेपछि व्यावसायिक रुपमा आयोजनाको विद्युत् उत्पादन गरिने बताइएको छ । गत असारमा विद्युत् उत्पादन हुने लक्ष्य राखिएको भए पनि भूकम्प, नाकाबन्दी जस्ता समस्याले गर्दा तोकिएको समयभन्दा केही ढिलो विद्युत् उत्पादन भएको हो ।

आयो जनाको विद्युत् गोरखास्थित सबस्टेसनमा जडान गरेपछि गोरखामा विद्युत् भार कटौती नहुने बताइएको छ । तीन केभीए क्षमताको सबस्टेसनलाई क्षमता बढाएर आठ केभीए क्षमताको बनाउने काम भइरहेको छ। दरौंदी ए आयोजना निर्माण सकिएपछि दरौंदीमै १० मेगावाट क्षमताको अर्को आयोजना निर्माण गरिने पन्तले बताए ।

# वेल शिक्षण प्राविधिकरण तालिम शुरु

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १ कार्तिक ।**

नेपाल नेत्रहिन संघको आयोजना र प्लान नेपालको सहयोगमा १० दिने वेल शिक्षण प्राविधिकरण तालिम सोमबारदेखि लेखनाथमा सुरु भएको छ। दृष्टिविहीन शिक्षकहरुलाई लक्षित गरि आयोजना गरिएको तालिमको शुभारम्भ गर्दै कास्कीका जिल्ला शिक्षा अधिकारी शंकर गौतमले दृष्टिविहीनहरु शारीरिक रुपमा कमजोर देखिएपनि मानसिक रुपमा कमजोर नभएको बताए।

उनले व्यवहारिक र प्रयोगात्मक शिक्षाबाट अगाडि बढ्न आग्रह गर्दै विकल्पसहितको योजना लिएर आए आफ्नो तर्फबाट सबदो सहयोग गर्ने प्रतिबद्धता जनाए। सिकाईलाई प्रभावकारी तरिकाले अगाडि बढाउन आग्रह गर्दै जिशिअ गौतमले अंगेजी बेनलिपीको विकास गरि कम्प्युटरको माध्यबाट शिक्षण सिकाईलाई अगाडि बढाउनु पर्ने आवश्यकता समेत औल्याएका थिए।

नेपाल नेत्रहीन संघका अध्यक्ष रमेश पोखरेलको अध्यक्षतामा भएको सो कार्यक्रममा राष्ट्रिय अपाङ्गता महासंघ कास्कीका अध्यक्ष हेम बहादुर गुरुङ, नेत्रहिन संघका केन्द्रीय सचिव शिशिर खनाल लगायतले आ-आफ्नो भनाइ राखेका थिए। नेपाल नेत्रहीन संघका केन्द्रीय सदस्य खुमराज शर्माले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य कास्की नेत्रहीन संघका अध्यक्ष लक्ष्मण सुवेदीले गरेका थिए।

# घर्ती जेनेभा जाने

**काठमाडौं १ कार्तिक ।**

सभामुख ओनसरी घर्ती स्विट्जरल्यान्डको जेनेभामा आयोजना हुने १३५औं अन्तर व्यवस्थापिका-संसद् सम्बन्धी सम्मेलनमा सहभागी हुन आगामी शुक्रबार त्यसतर्फ जाने भएकी छन् । कात्तिक ७ देखि ११ गतेसम्म चल्ने उक्त सम्मेलनमा नेपाली कांग्रेसका प्रमुख सचेतक चीनकाजी श्रेष्ठ, नेकपा (एमाले)का प्रमुख सचेतक भानुभक्त ढकाल, नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक टेकबहादुर बस्नेत, राप्रपा नेपालका प्रमुख सचेतक धीलनाथ गिरी र संसद् सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराई लगायत सहभागी हुने सभामुखका प्रेस सल्लाहकार वासुदेव शर्माले जानकारी दिए ।


Study in Japan
Czech Republic
USA, Australia, Norway

❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in JAPAN.
❖SLC passed can apply. April Intake
❖Almost all intake czech Republic.
❖Free Education in Norway & Finland.
❖Help to make all kind of documentation for any Countries.

Now Running IELTS, JLPT Classess

ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp.Rupakot Complex)
Tel.:061-531538, 9846449344, 9803652132



मोवाइल किन्दा छुट !
शुभ-दीपावली-२०७३ को मंगलमय शुभकामना
हंसपुर मोवाइल क्लिनिकमा एण्ड इलोक्ट्रोनिक सर्भिस सेन्टर चिप्लेढुंगा, पोखरामा
मोवाइल खरिदमा ५ देखि ३०% सम्म
र इलोक्ट्रोनिक सामान खरिदमा ५ देखि ३५% सम्म छुट !!!
सम्पर्क फोन : ०६१-५३५६७९



पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि विशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरामा
धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको सस्थाद्वारा कार्यक्रमका परामर्शदाता एवम् पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि डा. राजिव घिमिरे पोखरामा यही मिति कार्तिक ५ गते शुक्रबार आउन लाग्नुपर्दाकोमा स्वास्थ्य परिक्षण गरि सेवाको लाभ लिनुहोस्
हाम्रो सेवाहरू:
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पिप निस्कने, पोल्ने कब्जियत हुँदा दुखाई बढि हुने ।
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने दुख्ने एवम् दिशामा रगत देखिने ।
न्यास्ट्रिक : मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने ।
अन्यरोगहरू : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, बाथ, सुगर, पिनास, हाइड्रोएिल आदि ।
नोट : पाइल्स फिस्टुला, फिसर रोगको क्षारसूत्र विधीद्वारा बिना अपरेसन गरिन्छ ।
विरामी जाँच्ने समय : बिहान ५ बजेदेखि ५ बजेसम्म
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९९१४, ९८४६०४१७३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२३२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा